बैठक संख्या: ८६/२

आज मिति २०७९।०२।२३ गते सोमवार दिनको १:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा बैठक बस्यो ।

तपशिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | |
| २ | श्री नितु थापा | उपप्रमुख | |
| ३ | श्री मणी पुलामी थापा मगर | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | |
| ६ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | |
| ७ | श्री डिल्ली ~~प्रसाद~~ बहादुर कटुवाल | सदस्य | |
| ८ | श्री टेक बहादुर राई | सदस्य | |
| ९ | श्री सुनिता चौधरी | सदस्य | |
| १० | श्री धनपती गौतम | सदस्य | |
| ११ | श्री सालिग्राम बस्नेत | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री बिक्रम राई | सदस्य | |
| १४ | श्री पार्वती बस्नेत गौतम | सदस्य | |
| १५ | श्री रिता राजवंशी | सदस्य | |
| १६ | श्री भिम कुमारी गुरुङ | सदस्य | |
| १७ | श्री सन्च माया लिम्बु | सदस्य | |
| १८ | श्री निलम कुमारी राई | सदस्य | |
| १९ | श्री बद्री नारायण मण्डल | सदस्य | |
| २० | श्री जाँच मान याक्खा राई | सदस्य | |
| २१ | श्री विजय तोलाङ्गी | सदस्य | |
| २२ | श्री गणेशराज कार्की | सचिव | |
| | अन्य कर्मचारीहरु | | |
| १ | महेन्द्र खड्का | अधिकृत आठौं | |
| २ | झमक भट्टराई | अधिकृत छैटौं | |
| ३ | दिनेश खड्का | स.कम्प्युटर अपरेटर | |

प्रस्तावहरु

१. धन्यवाद ज्ञापन सम्बन्धमा ।

२. समिक्षा सम्बन्धमा ।

३. समितिहरु गठन सम्बन्धमा ।

४. नगरसभा तयारी सम्बन्धमा ।

५. २ दिने सार्वजनिक विदा सम्बन्धमा ।

६. विविध एवम् समसामयिक विषय सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं.१: स्थानीय तह सदस्य निर्वाचन २०७९ मा मतदान गरी स्वतन्त्रतापूर्वक निर्वाचनमा भाग लिई बेलबारी नगरपालिकाको नगरसभा सदस्य, वडा अध्यक्ष, नगर उपप्रमुख, नगर प्रमुख एवम् प्रचलित कानुन बमोजिम निर्वाचित हुनुभएका कार्यपालिका सदस्यहरु छनौट गरी निर्वाचित गर्नुहुने आम नगरवासी प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै दोश्रो कार्यकालको लागि पदवहाली भएका जनप्रतिनिधिहरुबाट कार्यप्रारम्भ गरियो साथै नागरिकका चाहानाहरुलाई श्रोतको परिधिभित्र रहि क्रमशः पुरा गर्न हामी सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरु प्रतिवद्ध रहने निर्णय सर्वसम्मत रुपमा गर्दछौं ।

निर्णय नं.२ : पहिलो कार्यकालका यस नगरपालिकाका निवर्तमान जनप्रतिनिधिहरुले बेलबारी नगरपालिकाको समग्र विकासमा पुर्याउनु भएको योगदानको कदर गर्दै चालु आ.व. मा स्वीकृत बजेट कार्यक्रम तथा आयोजनाहरुको स्वामित्व ग्रहण गर्दै समयमा नै कार्य सम्पादन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.३ : प्रचलित ऐन, कानुन बमोजिम बेलबारी नगरपालिकाको कार्यसम्पादन तथा व्यवस्थापनको लागि तपशिल बमोजिमका समितिहरु गठन गर्ने निर्णय गरियो ।

तपशिल

क. स्थानीय राजश्व परामर्श समिति

स्थानीय सरकार संचलन ऐन, २०७४ को दफा ६५ को उपदफा (१)बमोजिम देहायको सदस्य रहनेगरी राजश्व परामर्श समिति गठन गरियो ।

| सि.नं. | नाम थर | साविकको पद | मनोनयन भएको पद/पद | कैफियत |
|---|---|---|---|---|
| १. | श्री नितु थापा | उपप्रमुख | संयोजक | कानुनले तोके बमोजिम |
| २ | श्री गणेशराज कार्की | प्र.प्र.अ. | सदस्य | कानुनले तोके बमोजिम |
| ३ | श्री गंगा बहादुर याखखा | कार्यपालिका सदस्य | सदस्य | कार्यपालिकाले तोकेको सदस्य |
| ४ | श्री सुनिता चौधरी | कार्यपालिका सदस्य | सदस्य | कार्यपालिकाले तोकेको महिला सदस्य |
| ५ | प्रमुख/प्रतिनिधि | उद्योग वाणिज्य संघ | सदस्य | उद्योग वाणिज्य संघको अध्यक्ष/ प्रतिनिधि |
| ६ | प्रमुख/प्रतिनिधि | घरेलु तथा साना उद्योग | सदस्य | घरेलु तथा साना उद्योग तोकेको प्रतिनिधि |
| ७ | श्री धनमाया राई | लेखा अधिकृत | सदस्य सचिव | पदेन |

ख. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार संचलन ऐन, २०७४ को दफा ६६ को उपदफा (१) बमोजिम देहायको सदस्य रहनेगरी श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन निर्णय गरियो ।

| सि.नं. | नाम थर | साविकको पद | मनोनयन भएको पद/पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | संयोजक | कानुनले तोके बमोजिम |
| २ | श्री नितु थापा | उपप्रमुख | सदस्य | कानुनले तोके बमोजिम |
| ३ | श्री बद्री नारायण मंडल | कार्यपालिका सदस्य | सदस्य | कार्यपालिका सदस्य महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व |
| ४ | श्री जाँच मान याखखा | कार्यपालिका सदस्य | सदस्य | कार्यपालिका सदस्य महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व |
| ५ | श्री विजय कुमार तोलाङ्गी | कार्यपालिका सदस्य | सदस्य | कार्यपालिका सदस्य महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व |
| ६ | श्री सुनिता चौधरी | कार्यपालिका सदस्य | सदस्य | कार्यपालिका सदस्य महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व |
| ७ | श्री गणेशराज कार्की | प्र.प्र.अ. | सदस्य सचिव | पदेन (कानुनले तोके बमोजिम) |

ग. बेलबारी नगरपालिका नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ को नियम ४ को उपनियम (६) अनुसार गठन गर्नुपर्ने अनुसुची – ५ बमोजिम भएका नगरकार्यपालिकाको विषयगत समितिहरु देहायबमोजिम गठन गरियो । विषयगत समितिहरुको कार्यक्षेत्रको हकमा सम्बन्धित विषयगत समिति कार्यक्षेत्र अनुसार प्रचलित कानून बमोजिम हुने समेत निर्णय गरियो।

अ. पूर्वाधार विकास समिति

| सि.नं. | नाम थर | साविकको पद | मनोनयन भएको पद/पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर गुरुङ | कार्यपालिका सदस्य | संयोजक | |
| २ | श्री रिता राजवंशी | कार्यपालिका सदस्य | सदस्य | |
| ३ | श्री योगेन्द्र प्रसाद सुवेदी | कार्यपालिका सदस्य | सदस्य | |
| ४ | श्री बालकृष्ण निरौला | पूर्वाधार विकास शाखा प्रमुख | सदस्य सचिव | पदेन |

आ. आर्थिक विकास समिति

| सि.नं. | नाम थर | साविकको पद | मनोनयन भएको पद/पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री टेक बहादुर राई | कार्यपालिका सदस्य | संयोजक | |
| २ | श्री योगेन्द्र प्रसाद सुवेदी | कार्यपालिका सदस्य | सदस्य | |
| ३ | श्री पार्वती गौतम | कार्यपालिका सदस्य | सदस्य | |
| ४ | श्री बाबुराम बस्नेत | पशु विकास शाखा प्रमुख | सदस्य सचिव | पदेन |

इ. वातावरण तथा विपद् व्यवस्थापन समिति

| सि.नं. | नाम थर | साविकको पद | मनोनयन भएको पद/पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री योगेन्द्र प्रसाद सुवेदी | कार्यपालिका सदस्य | संयोजक | |
| २ | श्री मणि बहादुर पुलामी मगर | कार्यपालिका सदस्य | सदस्य | |
| ३ | श्री पार्वती गौतम | कार्यपालिका सदस्य | सदस्य | |
| ४ | श्री बिरेन्द्र गिरी | भवन नियमन तथा घर नक्सा शाखा प्रमुख | सदस्य सचिव | पदेन |

ई. विधेयक समिति

| सि.नं. | नाम थर | साविकको पद | मनोनयन भएको पद/पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सालिग्राम बस्नेत | कार्यपालिका सदस्य | संयोजक | |
| २ | श्री निलम कुमारी राई | कार्यपालिका सदस्य | सदस्य | |
| ३ | श्री डिल्ली बहादुर कटुवाल | कार्यपालिका सदस्य | सदस्य | |
| ४ | श्री तारा भट्टराई न्यौपाने | कानुन तथा विधायन शाखा प्रमुख | सदस्य सचिव | पदेन |

उ. सामाजिक विकास समिति

| सि.नं. | नाम थर | साविकको पद | मनोनयन भएको पद/पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री विक्रम राई | कार्यपालिका सदस्य | संयोजक | |
| २ | श्री कृष्ण बहादुर गुरुङ | कार्यपालिका सदस्य | सदस्य | |
| ३ | श्री भिम कुमारी गुरुङ | कार्यपालिका सदस्य | सदस्य | |
| ४ | श्री भूपेन्द्र प्रसाद कोइराला | शिक्षा शाखा प्रमुख | सदस्य सचिव | पदेन |

ऊ. सार्वजनिक सेवा तथा क्षमता विकास समिति

| सि.नं. | नाम थर | साविकको पद | मनोनयन भएको पद/पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री डिल्ली बहादुर कटुवाल | कार्यपालिका सदस्य | संयोजक | |
| २ | श्री सन्च माया लिम्बु | कार्यपालिका सदस्य | सदस्य | |
| ३ | श्री योगेन्द्र प्रसाद सुवेदी | कार्यपालिका सदस्य | सदस्य | |
| ४ | श्री महेन्द्र खड्का | प्रशासन शाखा प्रमुख | सदस्य सचिव | पदेन |

ए. बजेट तथा कार्यक्रम तर्जुमा समिति

स्थानीय सरकार संचलन ऐन, २०७४ को दफा ६७ को उपदफा (१) अनुसार गठन हुने बेलबारी नगरपालिका बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई देहाय बमोजिम पूर्णता प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं. | नाम थर | साविकको पद | ठेगाना | मनोनयन भएको पद | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री नितु थापा | उपप्रमुख | बेलबारी – १ | संयोजक | कानुनले तोकिएको |
| २ | श्री डिल्ली बहादुर कटुवाल | वडा अध्यक्ष – ५/कार्यपालिका सदस्य | बेलबारी - ५ | सदस्य | कानुनले तोकिएको |
| ३ | श्री विक्रम राई | वडा अध्यक्ष – ११/कार्यपालिका सदस्य | बेलबारी - ११ | सदस्य | |
| ४ | श्री सालिग्राम बस्नेत | वडा अध्यक्ष – ९/कार्यपालिका सदस्य | बेलबारी – ९ | सदस्य | " " |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | वडा अध्यक्ष – ३/कार्यपालिका सदस्य | बेलबारी – ३ | सदस्य | " " |
| ६ | श्री टेक बहादुर राई | वडा अध्यक्ष – ६/कार्यपालिका सदस्य | बेलबारी – ६ | सदस्य | " " |
| ७ | श्री कृष्ण बहादुर गुरुङ | वडा अध्यक्ष – २/कार्यपालिका सदस्य | बेलबारी – २ | | " " |
| ८ | श्री गणेशराज कार्की | प्र.प्र.अ. | बेलबारी न.पा. | सदस्य | पदेन |
| ९ | श्री झमक भट्टराई | योजना अ.त.शाखा प्रमुख | बेलबारी न.पा. | सदस्य सचिव | पदेन |

ऐ. बेलबारी नगरपालिका वार्षिक योजना, कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्ष कार्यविधि – २०७७ को परिच्छेद–४ दफा ५ को उपदफा (१) बमोजिम नगरस्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समिति र उपदफा (३) बमोजिम वडा स्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरियो ।

क. नगरस्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समिति

| सि.नं. | नाम थर | साविकको पद | ठेगाना | मनोनयन भएको पद/पद | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री नितु थापा | उपप्रमुख | बेलबारी – १ | संयोजक | कानुनले तोकिएको |
| २ | श्री सुनिता चौधरी | वडा अध्यक्ष – ७/कार्यपालिका सदस्य | बेलबारी - ७ | सदस्य | कानुनले तोकिएको |
| ३ | श्री चन्द्र बहादुर लिम्बु | वडा अध्यक्ष – ४/कार्यपालिका सदस्य | बेलबारी - ४ | सदस्य | |
| ४ | श्री बालकृष्ण निरौला | इन्जिनियर | पूर्वाधार शाखा | सदस्य | |
| ५ | श्री झमक भट्टराई | अधिकृत छैठौं | योजना अ.त.शाखा प्रमुख | सदस्य सचिव | |

ख. वडा स्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति

संयोजक - वडा अध्यक्ष

वडा सदस्यहरु – सदस्य

वडा सचिव – सदस्य सचिव

(वडाको प्राविधिक कर्मचारी समेत सहाभागी गराउन सकिने)

निर्णय नं.४ : बेलबारी नगरपालिकाको मिति २०७९ असार १० गते दिनको १:०० बजे हुने ११ औ नगरसभाको देहाय बमोजिको कार्यसूची पारित गर्ने निर्णय गरियो ।

देहाय

| सि.नं. | मिति | विवरण | समय | कैफियत |
|---|---|---|---|---|
| १ | २०७९ जेष्ठ २४ गते | राजश्व परामर्श समिति बैठक | विहान ८ बजे | |
| २ | २०७९ जेष्ठ २८ गते | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति | विहान ७:३० | |
| ३ | २०७९ जेष्ठ २९ गते | कार्यपालिका बैठक | विहान ८:०० बजे | |
| ४ | २०७९ जेष्ठ २९ गते | वडा सिलिङ /विषयगत शाखाको सिलिङ तोकि पठाउने | | |
| ५ | २०७९ आषाढ ३ गते भित्र | वडाको योजना पेश गर्ने | | योजना शाखामा प्राप्त हुने गरी |
| ६ | २०७९ आषाढ ४ देखि ६ गते सम्म | विषयगत समितिको बैठक | | आवश्यकता अनुसार बैठक बस्ने |
| ७ | २०७९ आषाढ ७ गते | बजेट तर्जुमा समिति | विहान ८:०० बजे | |
| ८ | २०७९ आषाढ ८ गते | कार्यपालिका बैठक | विहान : ११ बजे | |
| ९ | २०७९ आषाढ १० गते | एघारौं नगरसभा | दिनको १ बजे | |

निर्णय नं.५ : बेलबारी नगरपालिकाको भए गरेको महत्वपूर्ण निर्णय लगायतको विषय सार्वजनिक गर्न बेलबारी नगरपालिका **कार्यसम्पादन नियमावली, २०७४ को नियम १७ बमोजिम बेलबारी नगरपालिकाको** प्रवक्ताको रुपमा नगरकार्यपालिका सदस्य एवम् वडा नं. १० का अध्यक्ष श्री गंगा बहादुर याख्खा लाई जिम्मेबारी तोक्ने निर्णय गरियो ।

निर्णय नं.६ : विविध

क. यस अघि नै पछि कागजात पेश गर्ने गरी बेलबारी नगरपालिकाले श्री शिक्षा विकास निर्देशनालय धनकुटामा पेश गरेको निवेदन अनुसार बेलबारी रंगशाला राधानगरका लागि सर्सत अनुदान स्वरुप प्राप्त हुन आएको बजेट रु. १०,००,०००।– बेलबारी – ८ गौथली चोक स्थित उक्त रंगशालाको खेलाडी पोषाक परिवर्तन तथा सपन (आराम) कक्ष निर्माण का लागि तयार गरिएको लागत अनुमान अनुसार यही असार मसान्तसम्म काम सम्पन्न गर्ने गरी लागत अनुमान स्वीकृत गर्ने र सम्झौता गर्न नगरपालिकाका अधिकृत स्तरका कर्मचारी खटाउने निर्णय गरियो ।

ख. बेलबारी नगरपालिका ९ नं. वडा कार्यालयको च.नं. १०९९ मिति २०७८/०९/०६ सिफारिस बमोजिम कोभिड–१९ को महामारीबाट रोजगारी र आयआर्जनको अवसर गुमाएका तपशिलका अति विपन्न परिवारलाई राहात रकम हस्तान्तरणका लागि सिफारिस भए बमोजिम कोभिड – १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८ बमोजिम रकम भूक्तानी गर्ने निर्णय गरियो ।

तपशिल

क. कामल प्रसाद सुवेदी – वडा नं. - ९

ख. कालु दर्जी – वडा नं. - ९

ग. वडा कार्यालयहरुमा साविक देखिको विद्युतको वैकल्पिक प्रबन्ध गरीएका व्याट्रि एवं ईन्भटरहरु बिग्रिई सेवा प्रवाहमा समस्या देखिएको भन्ने वडाध्यक्षज्यूहरुले राखु भएको गुनासो सन्दर्भमा जिन्सी शाखा प्रमुखले सबै वडामा खई निरिक्षण गरी विद्युतको वैकल्पिक प्रबन्ध तत्काल गर्ने र इन्टरनेटलाई पनि भरपर्दो बनाउने गरी काम अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

घ. स्थानीय निर्वाचनका कारण कतिपय आयोजना/कार्यक्रमको समयमा कार्यसम्पन्न नभएको भनि प्राप्त गुनासाका सन्दर्भमा विषयबस्तुको सान्दर्भिकता, कार्यसम्पन्न भएको परिमाण र कार्य सम्पन्न गर्ने बाकी अवधी बिचको तादम्यता हेरी बढीमा मिति २०७९ आषाढ १५ गतेसम्मका लागि औचित्यताका आधारमा म्याद थप गर्न कार्यालयलाई निर्देशन गर्ने

ङ. नगर प्रमुख तथा उप-प्रमुखज्यूले आ-आफ्नो पद वहालीको क्रममा गर्नुभएको देहायका विषयसँग सम्बन्धित निर्णयलाई नगर कार्यपालिकाले स्वामित्व लिने र आगामी नगरसभाबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

देहाय

| सि.नं. | विषय | आवश्यक श्रोत | कानूनी आधार | कैफियत |
|---|---|---|---|---|
| १ | नगर बस संचालन | २०७९/०३/१० मा हुने नगर सभावाट | कार्यविधि निर्माण गरी संचालन गर्ने | नगर प्रमुख ज्यूद्वारा पदबहालीका क्रममा गर्नुभएको निर्णय |
| २ | छोरी बचाउ अभियान | २०७९/०३/१० मा हुने नगर सभावाट | कार्यविधि निर्माण गरी संचालन गर्ने | उपप्रमुख ज्यूद्वारा पदबहालीका क्रममा गर्नुभएको निर्णय |

अनुसूचिः २

(नियम २४ को उपनियम १ सँग सम्बन्धित)

नगर कार्यपालिका बैठकमा पेश भएको प्रस्ताव

बेलबारी, नगरपालिका

नगर कार्यपालिकाको कार्यालय बेलबारी

मोरङ जिल्ला १ नं. प्रदेश

विषयः आवश्यक विषयहरु सम्बन्धमा ।

प्रस्ताव पेश गर्न प्रमुखबाट स्वीकृत प्राप्त मितिः २०७९।०२।२०

१. विषयको संक्षिप्त व्यहोराः

मिति २०७८।१२।२३ गते सोमबार दिनको ११:०० बजे बस्ने नगर कार्यपालिकाको बैठकमा तपशिल बमोजिमका विषयहरु प्रस्तावको रुपमा पेश गर्न वान्छनिय भएकोले,

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

- प्रमुखज्यूबाट प्राप्त राय सहित सम्बन्धित शाखाबाट प्राप्त सुझाव।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको रायः

- नगरपालिकाको काम कारवाहीलाई व्यवस्थित गर्न आवश्यक भएका तपशिलमा उल्लेखित विषयहरु कार्यपालिकाको बैठकबाट निर्णय गरि कार्यान्वयन गर्न गराउन आवश्यक भएको ।

४. निर्णय हुनु पर्ने व्यहोराः

तपशिल बमोजिमका आवश्यक प्रस्तावहरु कार्यान्वयनको लागि निर्णय गर्नु पर्ने ।

प्रस्तावहरु

१. धन्यवाद ज्ञापन सम्बन्धमा ।
२. समिक्षा सम्बन्धमा ।
३. समितिहरु गठन सम्बन्धमा ।
४. नगरसभा तयारी समबन्धमा ।
५. २ दिने सार्वजनिक विदा सम्बन्धमा ।
६. विविध एवम् समसामयीक विषय सम्बन्धमा ।

2120

पेश गर्दछु

सदस्य

2120